नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. ०७६-५५०३४७
इमेलः pmamp.piu.kapilvastu@gmail.com
वेभसाइटः www.kapilvastu.pmamp.gov.np

पत्र संख्या : ०८०/०८१
च.नं. :

कृषि यन्त्र/उपकरणहरुको शिलबन्दी दरभाउ आव्हानको सुचना
सुचना नः-०९/२०८०/०८१

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१२

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषक समूह/कृषि सहकारी/निजि उद्यमी आदिलाई अनुदानमा कृषि यन्त्र/उपकरणहरु वितरण गर्न दरभाउ कायम गर्नुपर्ने भएकोले सम्बन्धित सबै कम्पनी/सप्लायर्स/ट्रेडर्स/आपुर्तिकर्ता आदिलाई परियोजनाले माँग गरेको सामाग्रीहरुको दरभाउ निर्दिष्ट गरेको फर्मेट अनुसार शिलबन्दी गरि आजको मितिले १५ दिन अर्थात २०८०/०९/२६ गते भित्र यस परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुमा कार्यालय समय भित्र पेश गर्नुहुन अनुरोध छ ।

**शिलबन्दी दरभाउ उपलब्ध गराउदा संलग्न गर्नुपर्ने कागजातहरु**

१. आ.व. २०८०/०८१ मा सुचिकृत नभएका कम्पनी/सप्लायर्स/ट्रेडर्स/आपुर्तिकर्ता आदिले उल्लेखित आवश्यक कागजात सहित परियोजना कार्यान्वयन एकाइ, कपिलबस्तुमा सुचिकृत भए पश्चात मात्र शिलबन्दी दरभाउ पेश गर्न सक्नेछन ।
२. रु. १०/- को टिकट सहित दरभाउ पेश गरेको निवेदन र स्पेशिफिकेशन सहितको निर्दिष्ट गरेको फर्मेट अनुसार उल्लेखित आवश्यक कागजात सहित शिलबन्दी दरभाउ ।
३. प्रोपराईटरको नागरिकताको प्रतिलिपी ।
४. दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. पाना नं. को प्रतिलिपी ।
६. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. शिलबन्दी दरभाउ पत्र बमोजिम पेश गरेको कृषि यन्त्र/उपकरणहरु तोकिएको स्पेशिफिकेशन अनुसार पेश गरेको मूल्यमा आ.व. २०८०/०८१ मा उपलब्ध गराउने प्रतिबद्धता-पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**नोटः**

- सम्बन्धित सामाग्रीहरुको परियोजनाले माग गरेको स्पेशिफिकेशन अनुसार सामाग्रीको दरभाउ पेश गर्नु पर्नेछ, स्पेशिफिकेशन बिनै आफ्नै किसिमले शिलबन्दी दरभाउ पेश गरेमा दरभाउ प्रकृयामा समावेश गरिने छैन ।
- कुनै कम्पनी/सप्लायर्स/ट्रेडर्स/आपुर्तिकर्ता आदिको शिलबन्दी दरभाउ खोल्दा रकम तथा सामाग्रीको नाममा केरमेट वा टिपेक्स लगाईएको पाईएमा दरभाउ प्रकृयामा समावेश गरिने छैन ।
- शिलबन्दी दरभाउ पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सार्वजनिक बिदाको अर्को दिन कार्यालय समय भित्र दरभाउ पेश गर्न सकिनेछ ।
- निर्दिष्ट गरेको फर्मेट परियोजनाको कार्यालय तथा परियोजनाको website मा उपलब्ध छ ।
- अन्य कुराहरु नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

Chaudhary
०८०/०९/१२

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औधोगिकीकरण"